# स्थानीय राजपत्र

## मुसिकोट नगरपालिका, रुकुम (पश्चिम)

## ६ नं. प्रदेश, नेपाल

**खण्डः १, वर्षः १ चैत्र, ३० गते २०७४ साल संख्या : ३**


**भाग १**
**मुसिकोट नगरपालिका**
**मुसिकोट नगर सभाले बनाएको देहाय बमोजिमको ऐन**
**सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मुसिकोट नगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम मुसिकोटको नगरपालिका प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन मुसिकोट नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

मुसिकोट नगरपालिका

(क) “ऐन” भन्नाले मुसिकोट नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले मुसिकोट नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) “नगरपालिका” भन्नाले मुसिकोट नगरपालिका सम्झनु पर्छ ।

(ङ) “सभा” भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(च) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम मुसिकोट नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त .नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही मुसीकोट नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि, मापदण्ड आदि वनाई लागू गर्न सक्नेछ ।

५. **बचाउः** यस नगरपालिकामा पहिलो नगर सभा तथा नगर कार्यपालिकाबाट यो ऐन लागू हुनुभन्दा अगावै स्वीकृत गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि, आचारसंहिता वा मापदण्डहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

**आज्ञाले**

**प्रमाणीकरण मिति २०७४ चैत्र ३० गते**

**(माधव प्रसाद शर्मा)**
**प्रमुख प्रशासकीय अधिकृत**

मुसिकोट नगरपालिका